Complimentary for School Children

Govt. Regd. No.: 451/2016

हरियाली रक्षक

GREEN GUARD

July/August 2016


पृष्ठ : ४

यातना दिएको बाँदर


पृष्ठ : ३

सालक


पृष्ठ : ८

नीर बिरालो


पृष्ठ : ५

यार्सागुम्बा टिप्दै बालबालिका


पृष्ठ : १५

सिंगापुर जु - जनावरहरुको संसार

वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६० पृष्ठ : ११

GREEN GUARD PRIZES IN CONSERVATION



Purano Guheshwori Secondary School, Goldhunga



Nagarjun Secondary School, Goldhunga



Nagarjun Secondary School, Goldhunga



Nagarjun Thulagaun H. S. School, Jitpurphedi



Nagarjun Thulagaun H. S. School, Jitpurphedi



Nagarjun Thulagaun H. S. School, Jitpurphedi

Little Green Guards
Presents
Bimonthly Magazine
GREEN GUARD

Chief Editor:
Madhav Paudyal

Associate Editor:
Thaneshwor Pd. Basyal
Shashi Sharma

Co-ordinator / Editor:
Bishwanath Rijal

Photo:
Green Guard

Design & Layout:
Pranaya Sindurakar-9841324249

Printed at:
Sopan Press Pvt. Ltd.-4442206

Office: Bagbazar, Kathmandu, Mobile: 9808244120, Email: greenguard2016@gmail.com

सम्पादकीय
EDITORIAL

जैविक विविधता संरक्षण

जलवायु परिवर्तनका कारण जीवजन्तु तथा बनस्पतिका लागि वातावरण प्रतिकुल बनिरहेको छ भने अर्कोतिर बासस्थानको विनाश र प्राकृतिक साधनको अत्याधिक प्रयोगले गर्दा जैविक विधता संकटमा परिरहेका छन् । सर्वसाधरणको बीचमा जैविक विविधताको ज्ञानसमेत पुग्ने सकेको छैन । वन्यजन्तु तथा बनस्पतिको चोरी सिकारी तथा तस्करीले अर्थतन्त्र तथा पर्यावरणमाथि चुनौती मात्र थपेको छैन संगठित अपराधलाई बढाइरहनु साथै विश्वमा भ्रष्ट्राचार र असुरक्षा बढाइरहेको निष्कर्ष संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको रहेको छ । यस्तो अवस्थामा कुनै दिन पृथ्वी जैविक विविधता विहिन बन्ने खतरा नआउला भन्न सकिन्न । जैविक विविधताको यो दरलाई वन्यजन्तु तथा वनपैदावरको अवैध चोरी तस्करी र जडीबुटीमाथिको अतिक्रमणले अझै बल पुऱ्याएको देखिन्छ । अवैज्ञानिक कृषि प्रणालीबाट वातावरणमा नकारात्मक असर पर्न गई जीवजन्तुमा असर परिरहेको छ । अतः वातावरण संरक्षण तथा दिगो व्यवस्थापनका लागि वन्यजन्तु तथा बनस्पतिको अवैध चोरी निकासी र अवैध व्यापारलाई नियन्त्रण गर्नु तथा दिगो कृषि अपनाउनु अत्यावश्यक देखिन्छ ।

सालक (Pangolin)





नवीन राना मगर
कक्षा १०
श्रीपुरानो गुहेश्वरी मा.वि., गोलढुङ्गा

पुच्छरले अठ्याएर हाँगा बिगामा झुन्डिने जिउभरि खवटाहरुले ढाकिएको साँघुरिदै गएको लाम्चो शरीर हुन्छ । यसका आँखा र कान साना हुन्छन । यसको सुघ्ने क्षमता तिक्ष्ण हुन्छ भने देख्ने, सुन्ने क्षमता कमजोर हुन्छ । यसको दाँत हुँदैन माटोमा प्वाल बनाइ गुँड बनाउने र बच्चालाई पुच्छरले च्यापी हिड्न सक्ने स्तनधारी प्राणी हो । नेपालमा हल्का रातो वर्णको तामे सालक (*Manis crassicaudata*) र हल्का कालो वर्णको कालो सालक (*Manis pentadactyla*) पाइन्छन् । झाडी बुट्यान तथा मिश्रित पतझरबनमा पाइन्छ । रु. १० को हुलाक टिकटमा सालकको चित्र अंकित छ । कमिला, धमिरा र तिनका फुल मुख्य आहारा हो जसलाई सिङ्गै निल्ने तथा खतरा पर्दा गुडिल्किएर डल्लो पर्दछ । तामे सालक प्राय गरी चुरेक्षेत्रको सालको वनमा पाइने भएकाले त्यस ठाउँमा साल माछा पनि भन्ने गरिन्छ । यी दुवै प्रजातिका सालकहरू रातमा सक्रीय हुने गर्दछन् ।

यसका मुख्य बासस्थान पूर्वी तथा मध्य नेपालका चुरे पहाड तथा उत्तरतर्फको साल वन र त्यसको आसपासका वन क्षेत्र हुन् । हालसम्म मकवानपुर, सिन्धुली,गोरखा, खोटाङ, काभ्रे, काठमाडौं, नुवाकोट लगायतका जिल्लाहरूमा सालक भेटिएको छ । त्यस्तै पर्सा वन्यजन्तु आरक्षमा तामे सालक र चितवन राष्ट्रिय निकुञ्ज, बर्दिया राष्ट्रिय निकुञ्ज, लाडटाङ राष्ट्रिय निकुञ्ज, मकालु वरुण राष्ट्रिय निकुञ्ज, शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष, शुक्लाफाँट वन्यजन्तु आरक्ष, कोशी टप्पु वन्यजन्तु आरक्ष, गौरीशंकर संरक्षण क्षेत्रमा कालो सालक रहेको पाइन्छ । दुवै प्रजातिका सालक साइटिसको अनुसूचि २ र आइयूसिएन रेड बुकमा तामे सालक संकटापन्न, कालो सालक अति संकटापन्न वर्गीकरणमा रहेको छ । हिन्दुधर्ममा सालकलाई भगवान शिवको अवतारको रुपमा लिइन्छ । विकासको क्रममा सालकको उत्पत्ती मानिसभन्दा धेरै अगाडि भएको हो । ❑

तारकेश्वर नगरपालिका क्षेत्रमा

बाँदर र मानव विचको द्वन्द्व र यसको समाधान



विश्वनाथ रिजाल

काठमाडौं जिल्लाको उत्तरी भेगमा अवस्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज अन्तर्गतको नागार्जुन वनको वन्यजन्तु अध्ययनको क्रममा त्यहाँ पुग्दा सो वन क्षेत्रसँगै पूर्वतर्फ जोडिएको तारकेश्वर न.पा.को गोलढुङ्गा र जितपुर फेदीका बासिन्दाहरुले बाँदरबाट पिडित भएको गुनासो गरेको पाइयो । सो वन क्षेत्रबाट बाँदर धपाउन सहमति प्राप्त गर्न हस्ताक्षर अभियान संकलन गरी वि.स. २०६८ वैशाख मै स्थानीय निकायलाई गुहार्न पुगेका थिए । हुन त २०६७ फागुनको अन्तिम साताितर कान्तिपुर दैनिकमा केहि मोवाइल नं. राखेर वाँदर धपाउने विशेषज्ञको खोजी गरी विज्ञापन प्रकाशित गरिएको थियो । उक्त मोवाइल नं. बाट जानकारी लिई ओशो तपोवनमा पुग्दा बाँदर आतंकबारे थप जानकारी प्राप्त भयो ।

बाँदर लखेटन कुकुर, गुलेली लगायत अन्य उपाय उपयोग गरेको पाइयो । कतै मृत बाँदर त कतै घाउचोट लागेका बाँदर फेला परे । यस्तै २०६९ फागुनको पहिलो हप्ता ओशो तपोवनमा २ वटा बाँदर खोरमा परे । ति बाँदरलाई दिनसम्मको यातना दिई विभिन्न रङ्ग छर्किएर पुनः सो क्षेत्रमा नआओस भनि सातो लिएर छाडियो । केहि दिनमा नै एउटाको मृत्यु भयो भने अर्को बाँदर भने लगलग काम्दै थिलथिलिएको शरीर लिएर ओशो तपोवन नजिकै अर्को साधारण रेष्टुरेन्टको जुठेल्नोमा विहान बेलुका फ्याकेको भात, रोटी तरकारीमा भर पर्न थाल्यो । सानो स्वरमा पनि झस्कीने, कान ठाडा ठाडा पारी हेर्ने, रौ झरेर जिर्ण शरीरमा उपस्थित हुँदा जो कोहीले विष्कुट, चाउँचाउ दिन्थे । अन्य वथानसँग मिसिन पनि नसक्ने । वथानका अन्य बाँदरले हेला गरेर लखेट्दा एक्लो जीवन विताउन वाध्य थियो । यातना पाएको दोश्रो महिनासम्म शरीरका सबै रौ झरीसकेको र तेस्रो महिनादेखि विस्तारै रौ पलाउदै शरीरमा तागत भरीदै आउदा उ रोटी भातमा मात्र सिमीत भएन नजिकै अलि राम्रो रिसोर्टको छेउछाउमा फालिएका चाउचाउ, फ्रुटी, विस्कुट जस्ता मिठा मिठा खानेकुराको स्वाद लिन पल्कि सकेको थियो । झण्डै ६ महिना अर्थात २०७० भदौंको दोस्रो साताितर सोही इलाकामा एक सुन्दरीको साथमा थियो । निकै फुर्तीलो आक्रामक मुद्रामा देखिन्थ्यो । एक दुई पल्ट फोटो लिदै नजिक पुग्दा उ रुख माथि चढेर पिसाव फेर्न पो



बाँदर धपाउनेबारे प्रकाशित विज्ञापन

थाल्यो । अव उ वथानमा सजिलै घुलमिल गर्ने भइसकेको छ । वथानमा उ नायक जस्तै छ । ओशो तपोवनका एक स्वामीले सो वादर निकै पातीएको पो छ, उसले एउटा मात्र होइन धेरै पोथीलाई आफ्नो वशमा पार्दै



यातना दिएको बाँदर

हिड्छ, मै हु पो भन्छ अनि बाँदर आतंकबाट छुटकारा पाउन नसकेको उनी बताउछन् । सो क्षेत्रमा कसैले बाँदरलाई भोटो लगाएर छोडे अन्य बथानलाई पनि त्यसले टाढा लखेट्दछ भनी भने गाउलेले सो पनि गर्न बाँकी राखेनन् । तर बाँदरले भोटो के राख्यो च्यातचुत पारेर फालि हाल्यो ।

यहाँ बाँदर र मानवबीचको द्वन्द्व निम्त्याउने मात्र बन्यो समाधानका लागि ठोस उपलब्धी प्राप्त भएन् । बाँदरलाई भगवानको रुप मान्दै पुण्य प्राप्त गर्न बालाजु वाइसधारा क्षेत्र देखि अन्य इलाकामा फलफूल, मिठाई दिने चलन एवम् विस्कुट चाउचाउ दिएर उनिहरुको जिब्रोको स्वाद बदल्ने कार्य नै गलत बन्दै आएको छ । जतातै फालिएका फोहरमा खानेकुरा खोज्न बाँदर पल्केका छन् । वनक्षेत्र हुँदै डम्पीङ् साइडतर्फ गएका फोहरका कन्टेनरले ठाउ ठाउँमा फोहर झारेर बाँदरलाई आकर्षण गरेका छन् । सो क्षेत्र हुँदै जाने १० किलोमिटर बाटोमा झण्डै ६० भन्दा बढी संख्याका रिसोर्ट र रेष्टुरेन्टले फालेका फ्रुटी चाउचाउ, खाद्यपदार्थ, क्यान, बोतलमा रहेका बाँकी पदार्थको स्वादले उनिहरु थप आकर्षण भएका छन् । जसमा घुम्न आउनेहरुले समेत त्यस्ता वस्तु यत्रतत्र फालेर थप समस्या निम्त्याएका छन् । यसका अतिरिक्त बाँदरलाई निकै मनपर्ने मकै, कोदो जस्ता वाली लगाएर पौठे जोरी खोज्ने काम भएको छ । जंगल छेउछाउमा चरीचरण गर्नुभन्दा जंगलभित्र वा जंगल छेउछाउमा उनिहरुलाई मनपर्ने रुख विरुवा, झारपात लगाउन ध्यान गएको छैन । बाँदरले पानी पनि खान नपाएर गाउँलेको पधेरो धाउनु पर्दा हाम्रा कमजोरी देखिएका छन् ।

युगान्डामा निकुञ्ज वरीपरीको ठाउँलाई संरक्षण क्षेत्र घोषणा गरी कृषकले नगदे वाली लगाएर वाँदरको दुःखबाट छुटकारा पाएका छन् । सिंगापुरको पार्क र जंगल क्षेत्रमा रहेका बाँदरले प्राकृतिक खाना मै रमाएर त्यहाँको मानववस्ती एवम् पर्यटकलाई दुःख दिएका छैनन् । तान्जानियामा फडानी भएको जंगलमा रुख विरुवा लगाएर बादरको प्राकृतिक खाना जोगाई कृषकहरुले चलाखी गरेका छन् । कतिपय क्षेत्रमा पर्यावरणीय पर्यटनको विकास गरी कृषकहरुले थप आय आर्जन गरेका उदाहरणलाई आत्मसात गर्न जरुरी छ भने संख्या नै बढेर समस्या बनेका यस्ता राता बाँदर पारिस्थितीक प्रणालीको सन्तुलन गराएर द्वन्द्व समाधानबाट मुक्त हुन सकिन्छ ।



यातना दिइएको बाँदर ६ महिनापछि

❑

हरीयो वन

इन्दु मगर
कक्षा : ८
श्री पुरानो गुहेश्वरी मा.वि, गोलढुङ्गा

चारैतिर हरीयो वन
मनमोहक लाग्ने छ
चराचुरुङ्गी बस्छन त्यहाँ
धेरै रमाइलो हुने छ ।

हरीयो जंगललाई सम्झौं साझा सम्पत्ति
वनको संरक्षणका लागि गरौं उन्नति ।

वनको संरक्षण गऱ्यो भने
फाइदा हामीलाई हुने हो
वनको संरक्षण गरेन भने
घाटा हामीलाई हुने हो ।

चराचुरुङ्गी बसी रमाउँछ मयुर
गित गाउँछ कोइली अनि नाच्छ मयुर
बिहानीको झुल्को घाम सताउँछ चरीलाई
कुहुकुहु गरी सुँगा बिउँझाउँछ सबैलाई ।

प्रकृतिले दिएको छ कति राम्रो जंगल
बाघ, हात्ती, गैंडा, जस्ता जन्तु मिलेर बस्छन ।

नगर्नु है जंगलको विनाश
विनाश गरेमा बाढी, पहिरो जाने छ
नगर्नु है जंगलमा सिकार
सिकार गरेमा कानुन लाग्ने छ ।

चारैतिर हराभरा

कञ्चन फुयाल
कक्षा : १०
नागार्जुन मा.वि., गोलढुङ्गा

चारैतिर हराभरा प्राकृतिक ठाँउ
लहरा पहराले भरिपूर्ण जंगल हो नाउँ ।

वन्यजन्तु हाँस्दै, नाच्दै, खेल्छन जहाँबाट
स्वच्छ हावा, स्वच्छ पानी आउँछ त्यहाँबाट ।

सुन्दर हुन्छ वातावरण रमाइलो पनि
थेग्न सक्छ जस्तो सुकै प्राकृतिक हानी ।

चराहरु गीत गाउँछन, फूलहरु फुल्छन्
त्यहि फूलमा भमरा र मौरी आई डुल्छन् ।

दाउरा, घाँस, फलफुल, खनिज, जडिबुटी पाइने
नदिनाला, खोला, झरना, पनि त्यँहि बग्ने ।

पर्यटकलाई आकर्षित गर्ने दृश्यहरु छन्
त्यँहि दृश्यले उनीहरुको लोभ्याउँछ मन ।

प्रकृतिको देन हो सुन्दर वनजंगल
सबै मिलि गर्नुपर्छ वनजंगलको रक्षण ।

देशको विकास गर्नेलाई गर्छ ठूलो मद्दत
वनजंगललाई जोगाई राखी गर्नुपर्छ कदर ॥

जंगली जनावर र वातावरण



पवित्रा सापकोटा
कक्षा १०, नागार्जुन मा.वि. गोल्दुङ्गा

वातावरण शब्दले मुख्य पृथ्वी वरिपरिको हावालाई बुझाउँछ। जंगली जनावर र वातावरणको अन्योन्याश्रित संबन्ध रहेको पाइन्छ । वातावरण विगार्ने र जोगाउने भन्ने कुरा मानिसमा निर्भर रहन्छ । जंगली जनावर प्रकृतिले दिएको सुन्दर उपहार हो । जसरी मानिस खुल्ला रुपले बाच्न चाहन्छ् । त्यसरी नै जंगली जनावर पनि कुनै रोकतोक बिना नै बाँच्न पाउन जंगली जनावरको नैसर्गिक अधिकार हो। प्राकृतिक संपदालाई जोगाउन सकेको खण्डमा वातावरणको संरक्षण हुन्छ।

प्राणीहरुमा सर्वश्रेष्ठ प्राणी मानिस हो । जानी जानी मानिसले वातावरण विगारीरहेको छ । यसबाट जंगली जनावर संकटमा परेका छन् । तसर्थ मानिसका क्रियाकलाप वातावरणको रक्षामा केन्द्रित हुनुपर्दछ । वातावरणको रक्षा गरेर जंगली जनावरको पनि रक्षा गरेर अगाडी बढ्न आजका बुद्धिमान मानिसको मुख्य काम हुन आउँछ । वातावरण जोगाउन वन जंगलको संरक्षणमा विशेष ध्यान दिनु पर्दछ । जंगलको विनाश भयो भने सुख्खा, खडेरी जस्ता समस्या देखापर्दछन् । सूर्यबाट आउने हानिकारक किरण रोक्ने वातावरणको ओजोन तह पातलिँदै छ । यसबाट मानिस लगाएत जंगली जनावरहरु पनि संकटमा पर्दछन् । त्यसबेला मानिसले बाताबरणमा गरेका नकारात्मक कामहरु संझेर पुर्पुरोमा हात राखी पश्चाताप गर्न सिवाय अरु केही गर्न सकिदैन । जनसंख्या वृद्धि, अस्तव्यस्त शहरीकरण र प्राकृतिक स्रोतको मनलागी प्रयोगले प्रकृति र वातावरण विनाश गर्छ । वातावरण दुवैको विनाश भए मानिसर जनावरको अस्तित्व समेत संकटमा पर्दछ। त्यसैले वातावरण जोगाएर जंगली जनावरहरुको संरक्षण गर्नु अति नै आवश्यक छ। असल विचार र प्रयासले मात्र यो काम संभव हुन्छ । तसर्थ वातावरण जोगाउने जनस्तरमा चेतना फैलाएर कञ्चन प्रकृति र जंगली जनावरहरुको अस्तिव जोगाउन आजको टड्कारो आवश्यकता देखिन्छ । ❑



नीर बिरालो (Civet Cat)



शिलु तामाङ
कक्षा - १२
कान्तिपुर कलेज, थली

हाम्रो घरपालुवा बिरालो देखि चितुवा, बाघ समेतलाई विरालो भनेर बुझिन्छ । नेपालमा पाइने साना स्तनपायी वन्य जन्तु नीर विरालाको नामले चिनिन्छ । हाम्रो देशमा तराई देखि ७ हजार फिट उचाईका जंगलहरुमा नीर विरालो पाइन्छन् । ठाउँ अनुसार यिनीहरुको आकार तथा शरीरको रंग फरक हुन सक्छ भने नाम पनि सिलु तथा औले कस्तुरी नामले चिनिन्छ । यसको थुतुनो चुच्चो परेको, लस्याइलो शरिर तथा छोटो खुट्टाहरु हुन्छ । कसैको सेता ठाडा जुँगा हुन्छन् भने शरीर पाटा परेको वा सादा हुन्छ ।

रातमा सक्रिय हुने यी प्राणी दिनमा झाडी, वुट्यान्, पोथ्रा, रुखका टोड्कामा आराम गर्दछन् । यीनीहरु फलफूल, त्यसवाहेक मूसाहरु, चराहरु तथा घरपालुवा कुखुरा, हाँसहरु पनि शिकार गर्दछन् । कहिलेकाही स-साना कीरा, फट्ङ्ग्रा, भ्यागुता र सर्प खाने गर्दछन ।



उद्धार गरिएको नीर बिरालो

शान्तिप्रिय, कडा नमिठो बासना युक्त पिसापको कारण सजिलै यो जीवको उपस्थिती थाहा पाउन सकिन्छ । यस्तो नमिठो कडा सासना एक प्रकारको ग्रन्थी जुन नाभी देखी पछिल्तिर तथा पुच्छर नजिक हुन्छ । यहि गन्धबाट यिनीहरु एक आपसमा चिनजान गर्ने तथा शत्रु सामुन्ने परेको खतरापुर्णक्षणमा पिसाप फेरेर भाग्न सफल हुन्छन् ।

एक वर्षको उमेर भएपछि सन्तान उत्पादन गर्न सक्षम हुन्छन् भने एक वेतमा ४ वटा बच्चा जन्माउछन् । हाम्रो देशमा पाइने सिभेट (नीर बिरालो) हरुमा पुच्छरमा कालो मोटो धर्का भएको यी साना स्तनधारी जीवहरुले आफुले खाएका फल विष्टयाएर वीउ वितरण गर्न प्रमूख भूमिका खेलेको हुन्छन भने अर्कोतिर खेतवारीका किरा, फट्याङग्रा र मुसा समेत खाएर पारिस्थितिक प्रणाली संतुलन कायम गर्न सघाउ पुऱ्याउँदछन् । ठाउँ अनुसार हाम्रो देशमा ठूलो नीर बिरालो, सानो नीर बिरालो, गाजले नीर बिरालो र ताडी नीर बिरालो गरी चार प्रजातीका नीर बिरालो पाइन्छन् ।

काठमाडौं उपत्यका बिभिन्न ठाउँहरुमा यी जिवहरु देखा पर्ने तथा मानिसहरुले यस्ता जिवको बारेमा महत्व थाहा नपाई मार्ने वा यिनीहरु प्रति देखाउने नकारात्मक क्रियाकलापको कारण यी जिवहरुले असुरक्षा महशुस गरेको देखिन्छ । ❑

यार्सागुम्बा



माधव पौडयाल
शिक्षक
भक्तपुर मल्टीपल कलेज

यार्सागुम्बाको वैज्ञानिक नाम Cordycepes sinensis हो र अंग्रेजीमा Caterpillar fungus हो । नेपाली भाषामा जीवनबुट्टी र स्थानीयमा कीराजडी,कीराझार, कीराघाँस भनिन्छ । तिब्बतीयन भाषामा यार्सागुन्बु र भुटानीमा यार्सागुन्बुब भनिन्छ । चिनियाँ नाम "डोङ् चोङ् झिया काओ" हो र यसको अर्थ "हिउँदको कीरा गर्मीको घाँस" हुन्छ ।

यार्सागुम्बा नेपालको करिब ३,००० देखि ५,००० मिटर उचाइको हिमाली क्षेत्रमा पाइने खान योग्य एक किसिमको ढुसी (Fungus) हो । सबै जातका यार्सागुम्बा परजीवी हुन्छन् । यार्सागुम्बा बिशेष गरेर Thitarodes (थाइटारड्स) नाम गरेको झुसिलकीरा (Caterpillar) मा उम्रन्छ। यसको अतिरिक्त यार्सागुम्बाले Bipectilus (बाइपेक्टाइलस्), Endoclita (इण्डोक्लाइटा), Gazoryctra (ग्याजोरिक्ट्रा), Hepialus (हेपिएलस्), Magnificus (म्याग्निफाइकस्) र Pharmacis (फर्मासिस्) जातका झुसिलकीराहरु पनि Host को रुपमा प्रयोग गर्दछ ।

विश्वमा झण्डै २७ वटा देशमा यार्सागुम्बाको उत्पादन हुने गरेको छ । यी सबै देशमा गरी झण्डै ४०० प्रजातिका यार्सागुम्बा पाइएको अभिलेख छ ।

Himalayan Bat Moth जातको पुतलीको Larva यार्सागुम्बा बन्ने प्रमुख आधार हो । यार्सागुम्बाको जीवन चक्र अंग्रेजी अक्षर Y जस्तै दुईवटा हाँडा भएको हुन्छ । यदि Y अक्षरको मूल डाँठलाई Himalayan Bat Moth र दुई हाँडाको संगम बिन्दुलाई Larva मान्यौं भने यार्सागुम्बाको जीवन चक्र बुझ्न धेरै नै सजिलो हुन्छ । साधारण प्रक्रिया अनुसार अण्डाबाट Larva, Larva बाट Pupa र Pupa बाट पुनः Himalayan Bat Moth बन्दछ । तर Larva अवस्थामा नै यार्सागुम्बाको बीजाणुले संक्रमण गऱ्यो भनें त्यो Larva, Pupa मा रुपान्तरण हुन पाउँदैन र Himalayan Bat Moth को साटो यार्सागुम्बा बन्दछ ।

यार्सागुम्बा पाइने क्षेत्रमा भूमिगत रुपमा Himalayan Bat Moth को Larva हुन्छन् । Larvaलाई यार्सागुम्बाको बीजाणुले आक्रमण गरेपछि संक्रमित हुन थाल्छ । Larva को टाउको माटोमा माथितिर ठाडो भै बसेको पाइयो भनें त्यो Larva संक्रमित भएको बुझ्नु पर्दछ ।



यार्सागुम्बा, फोटोः गुगल

यार्सागुम्बाको बीजाणुले Larva लाई खानाको रुपमा प्रयोग गर्दछ र पूर्ण रुपमा बिकसित भएपछि टाउकोको बीचबाट बिरुवाको रुपमा उम्रन्छ । जमिन माथि देखिने त्यो भागलाई Stroma र भूमिगत भागलाई Caterpillar (झुसिलकीरा) भनिन्छ । Stroma को माथिल्लो भागमा २ देखि४ वटा बीजाणुहरु हुन्छन् । बीजाणु फुटेर Larva लाई आक्रमण गरेपछि मात्र अर्को यार्सागुम्बाको सृष्टि हुन्छ । Larvaलाई आक्रमण गर्न नसकेको अवस्थामा Larva बाट Pupa र Pupa बाट पुनः Himalayan Bat Moth बन्दछ ।

यार्सागुम्बामा पाईने रसायनिक तत्व :

Adenosine, Adenine, Hypoxanthicine nucleoside, Uracil, Thymine, Uridine, Guanidine, Thymidine, 3-deoxyadenosine, Crude proteins, Amino acids, Fatty acids, Proteins, Peptides, Saccharides and Sugar derivatives and Vitamins (B_1, B_2, B_{12}, E, and K).

यार्सागुम्बाको प्रयोग

करिब २,००० बर्ष पहिलेदेखि चीनमा यौनबर्द्धक औषधि तथा निम्न रोगको उपचारमा यसको प्रयोग हुँदै आएको देखिन्छ ।

यौन दुर्बलता, शिथ्रपतन निरोधक, बुढापनबाट बचाउँछ, अर्बुद रोग निरोधक, रोग प्रतिरोधात्मक क्षमता बृद्धि, मुटु, कलेजो, मृगौला र फोक्सो संबन्धी रोग निको पार्ने, मधुमेह रोग निको पार्ने, स्वाँसप्रस्वास सम्बन्धी रोग निदान, राती पसिना आउँने रोग, थकान हटाउने, दम र जोर्नी दुख्ने रोग तथा लेक लाग्नबाट बचाउँछ, आदि ।



पहाडी क्षेत्रमा यार्सागुम्बा टिप्दै बालबालिकाहरु

फोटोः सार्क पिक्चरियल बुक

हाम्रो देशले यसबाट पाउने फाईदा

हिमाली क्षेत्रमा बसोबास गर्नेहरुको लागि आयआर्जनको मुख्य स्रोत, स्वच्छ वातावरणको सूचक, प्राकृतिक रुपमा उपलब्ध हुने नगदे बाली, सामाजिक रुपान्तरणको प्रमुख आधार, विदेशी मुद्रा आर्जन गर्ने स्रोत ।

यसको व्यवस्थापन एवम् उपयोगमा देखिएको चुनौति

अति दुर्गम तथा चिसो स्थानमा हुने जडीबुटी, अपरिपक्व अवस्थामा संकलन, हजारौंको संख्यामा संकलनकर्ताको उपस्थिति, वन डढेलो र अत्याधिक चरीचरन, अव्यवस्थित फोहरमैला, टेन्टको लागि भिरालो जमिन र भाटाको बिनाश, द्वन्द्व, झडप तथा मानवीय क्षति, वन्यजन्तुको चोरी तस्करी, इन्धनको रुपमा दाउराको अत्यधिक प्रयोग, शिक्षण संस्थाप्रति लापरवाही, बालश्रमिकको प्रयोग, अप्रयाप्त कर्मचारी तथा स्रोत साधनको अभाव आदि ।

स्रोतः विभिन्न पत्रपत्रिका एवं गुगल

❑

वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०

पृष्ठभुमिः नेपाल अधिराज्यको जैविक विविधताको संरक्षण, सम्वर्द्धन तथा दीगो र बुद्धिमत्तापूर्ण उपयोग गरी आम जनताको जीवनस्तरमा वाञ्छित सुधार ल्याउनेतर्फ हाम्रा संरक्षण प्रयासहरु केन्द्रित छन् । राष्ट्रिय निकुञ्ज एवं वन्यजन्तु आरक्षहरुको स्थापनाबाट लोप हुन सक्ने खतराको स्थितिमा पुगेका वन्यजन्तुहरुको संरक्षणमा उल्लेखनीय उपलब्धी हासिल भएको अनुभव गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लागू भएपछि यस दिशामा अझै थप योगदान पुग्न गएको छ । यसैबीच वन्यजन्तु एवं वनस्पतिहरुको संरक्षणमा भएका प्रयास एवं त्यस कार्यमा हुने गरेको राष्ट्रको लगानी पनि मानवीय हित र भलाईको लागु हुनु पर्दछ भन्ने मान्यता पनि विश्वव्यापीकरण हुँदै गएको पाइएको छ । आजको सन्दर्भमा नेपाल पनि यस प्रकारको मान्यताबाट अलग रहन नसक्ने हुँदा त्यस्ता जीवजन्तु र वनस्पतिको संरक्षण कार्यमा सरकारी क्षेत्रको अलावा अन्य क्षेत्रको पनि संलग्नता रहनु वाञ्छनीय देखिन्छ ।

भौगोलिक विविधताको कारणले जैविक विविधतामा नेपाल अत्यन्तै धनी भएपनि केही दुर्लभ वन्यजन्तु र वनस्पतिहरु लगभग सिमित वन क्षेत्रमा मात्र सिमित हुन गै प्रायः लोप हुन सक्ने स्थितिमा देखिन्छन् । दिन प्रतिदिन बढ्दै गएको जनसंख्याको चाप तथा तथाकथितविकासको नाममा वन क्षेत्र अन्य प्रयोजनको लागि भएको प्रयोगको कारणले हाल उपलब्ध वन क्षेत्रहरु पनि सांघुरिदै गएको सन्दर्भमा हाम्रा त्यस्ता अमूलय निधिहरुलाई चीरकाल पर्यन्त जोगाई राख्ने नीतिहरु विकास गर्नुपर्ने भएको छ । त्यस्ता संरक्षण कार्यको साथै यसबाट राष्ट्र एवं जनताले प्रत्यक्ष फाइदा उठाउन सक्ने वातावरण बनाउनु परेको छ । यसको लागि वन क्षेत्र बाहिर पनि एउटा निश्चित मापदण्ड तयार गरी व्यक्ति, संघ र संस्था आदिको संलग्नतामा वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान (Farming) कार्य हुनु अत्यावश्यक भैसकेको पनि महसुस हुन गएको छ । चालु दशौं पञ्च वर्षीय योजनाले पनि उपरोक्त कमिलाई महसुस गरी सहभागितात्मक वन व्यवस्थपनलाई प्रमुख रणनीतिको रुपमा अंगिकार गरी बहुमूल्य जडिबुटी, वन्यजन्तु एवं पशुपंछी पालन कार्यमा आवश्यक कानूनी व्यवस्थ गरी नीजी क्षेत्रको सहभागितलाई प्रोत्साहित गर्ने नीति लिएको छ ।

दशौ पञ्चवर्षीय योजनाले अंगिकार गरेको जनताको सहभागितामूलक संरक्षण तथा यसबाट मानव जातिको हित र राष्ट्रको समग्र दिगो विकासमा वन तथा वन्यजन्तु क्षेत्रबाट पुऱ्याउन सकिने योगदानलाई विशेष ध्यान दिनुपर्ने भएको छ । खुला र उदार आर्थिक नीति, प्रतिस्पर्धात्मक वातावरण तथा उपलब्ध प्राकृतिक श्रोत र साधन र संभाव्यतालाई अधिकतम सदुपयोग गर्न सकिने वातावरण तयार गर्न पनि पारदर्शी रुपमा नीतिगत व्यवस्थ गरी कार्यान्वयन गर्नुपर्ने भएको छ । केही समय यता विभिन्न क्षेत्रबाट बहुमुल्य जडिबुटी एवं दुर्लभ वन्यजन्तु आदिको पालन, प्रजनन एवं अनुसन्धान कार्य गरी त्यस्ता जैविक विविधताको संरक्षणमा निरन्तरता दिनुको साथै आयआर्जन समेत गर्ने उद्देश्यले व्यक्ति, संघ र संस्थहरुबाट थुप्रै मागहरु पनि प्राप्त हुन आएको देखिन्छन् । यी कुराहरुलाई दुष्टिगत गरी श्री ५ को सरकारको मिति २०६०/५/११ को निर्णयानुसार यस सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था गरिएको छ ।

उद्देश्यः वन्यजन्तुहरुके दीगो संरक्षण, सवर्द्धन र सदुपयोग गरी आय एवं रोजगारीका अवसरहरुको

वृद्धि गर्न र चालू दशौं पञ्च वर्षीय योजनाको नीति तथा कार्यनीतिमा समेत उच्च मूल्यका हरिण, कस्तुरी, जरायो, बंदेल जस्ता वन्यजन्तु एवं पशुपंक्षी पालन कार्य गरिने उल्लेख भएको र सोही योजनाको कार्यान्वयन व्यवस्थमा वन्यजन्तु पालन (Wildlife Farming) र अनुसन्धान कार्यमा समूह, व्यक्ति एवं संस्थालाई अभिप्रेरित गरी जैविक विविधता संरक्षण कार्यबाट महिला, गरिब तथा पिछडिएको वर्गको जीवनस्तरमा ल्याउन अपनाउनु पर्ने प्रकृया र कार्यक्रमलाई सुनिश्ति गरिनेछ भन्ने उल्लेख भएकोले उक्त योजनाको लक्ष्य प्राप्तिको लागि देहायको नीति तथा कार्य प्रकृया व्यवस्थित गर्नु प्रस्तुत कार्यनीतिको प्रमुख उद्देश्य हुनेछ ।

नीतिः उपर्युक्त उद्देश्य प्राप्तिको लागि देहाय बमोजिमका नीतिहरु अवलम्बन गरिएका छन् :

(क) दुर्लभ एवं उच्च मूल्यका अन्य वन्यजन्तुहरुको पालन, प्रजनन् तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा निजी क्षेत्रको सहभागितालाई प्रोत्साहित गरिनेछ ।

(ख) दुर्लभ एवं अस्तित्व संकटमा परेका वन्यजन्तुहरुलाई लोप हुनवाट जोगाउन प्राकृतिक बासस्थानमै संरक्षण (In-situ conservation) गर्नुका साथसाथै परस्थानीय संरक्षण (Ex-situ conservation) लाई समेत बढावा दिइनेछ ।

(ग) उच्च मूल्यका वन्यजन्तुहरुको पालन, प्रजनन् तथा वैज्ञानिक अध्ययन र अनुसन्धानका क्रियाकलापहरुलाई स्थानीय जनताको आय एवं रोजगारीका अवसरहरुसँग आवद्ध गर्दै ग्रामीण गरिबीलाई घटाउँदै लैजाने नीति लिइनेछ ।

(घ) वन्यजन्तुहरुको प्रजनन, पालन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा सरकारको भूमिकालाई नियन्त्रक (Controller) को रुपमाभन्दा नियामक (Regulator), प्रवर्द्धक (Promotor) र सहजकर्ता (Facilitator) को रुपमा विकसित गर्दै लगिनेछ ।

(ङ) जैविक विविधताको संरक्षण, दुर्लभ एवं अन्य वन्यजन्तु तथा वनस्पतिहरुको अन्तर्राष्ट्रिय व्यापार नियम सम्बन्धमा विद्यमान अन्तर्राष्ट्रिय कानूनहरुको पालनाप्रति प्रतिबद्ध रहँदै दुर्लभ एवं अन्य वन्यजन्तुहरुको पालन, प्रजनन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा निजी क्षेत्रको सहभागिता बढाउन उपयुक्त कानूनी एवं संस्थागत आधारशिला तयार गर्दै लगिनेछ ।

(च) वन्यजन्तुहरुको पालन, प्रजनन तथा वैज्ञानिक अध्ययन र अनुसन्धान कार्यमा राष्ट्रिय हित र स्वार्थलाई सर्वोपरि ध्यान दिइनेछ ।

कार्यप्रक्रियाहरु :

क. अध्ययन, अनुसन्धान, प्रजनन र पालन गर्न स्विकृती लिनु पर्ने :

१) वन्यजन्तुको पालन, निकासी तथा पैठारी गर्ने पक्षले दुर्लभ वन्यजन्तु तथा वनस्पतिहरुको अन्तर ाष्ट्रिय व्यापार नियन्त्रण सम्बन्धी महासन्धि (CITES) र यस्तै प्रकारका संरक्षणसँग सम्बन्धित अन्य अन्तराष्ट्रिय कानूनका प्रावधानहरुको अनिवार्य रुपले पालना गर्नु पर्नेछ ।

२) वन्यजन्तुको संरक्षण र सम्बर्द्धनमा दिगो रुपमा सघाउ पुऱ्याउने उद्देश्यले निजी स्तरमा वन्यजन्तुको व्यावसायिक रुपमा प्रजनन, पालन र अनुसन्धान गर्न इच्छुक संघ संस्था वा व्यक्तिले संलग्न अनुसूची-१ मा उल्लेखित संरक्षित वन्यजन्तुको हकमा वन तथा भू-संरक्षण मन्त्रालयबाट र अन्य वन्यजन्तुको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट निवेदन दिई इजाजत लिनुपर्नेछ । इजाजत लिँदा निवेदकले अनुसूची-२ मा उल्लेख भए अनुसारको राजश्व रकम बुझाउनु पर्नेछ ।

३) वन्यजन्तुको पालन, प्रजनन, तथा अनुसन्धान गर्न इच्छुक संघ, संस्था वा व्यक्तिले प्रकरण (२) बमोजिम विभाग समक्ष निवेदन दिँदा आफूले पालन, प्रजनन तथा अनुसन्धान गर्न चाहेको वन्यजन्तु सम्बन्धी विस्तृत कार्य योजना (Work Plan) समेत पेश गर्नु पर्नेछ ।

ख. बीउ प्राणी (Seed Animal) उपलब्ध गराउन सकिने :

१) वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धानको लागि स्वीकृति प्राप्त संघ, संस्था वा व्यक्तिको लागि आवश्यक पर्ने बीउ प्राणी (Seed Animal) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले उपलब्ध गराउन सक्नेछ । यसरी वीउ प्राणी उपलब्ध गराउँदा विभागले सम्बन्धित संघ संस्था वा व्यक्तिसँग अनुसूची-३ मा उल्लेख गरिए बमोजिमको रकम लिनेछ ।

२) वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान गर्न स्वीकृत पाएको संघ, संस्था वा व्यक्तिले फर्मका लागि विभागबाट प्राप्त गरेका तथा आयात गरेका बीउ प्राणी (Seed Animal) र सोबाट उत्पादित वन्यजन्तु, तिनीहरुका आखेटोपहार वा उत्पादन भएका वस्तुहरुको उद्यावधिक तथ्याङ्क, विवरण र अन्य आवश्यक सूचनाहरुको अभिलेख राख्नु पर्नेछ र सोको एकप्रति हरेक ६/६ महिनामा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पेश गर्नु पर्नेछ ।

३) प्राकृतिक वासस्थानबाट संकलन गरिएका वा बीउ प्राणीको रुपमा उपलब्ध गराइएका वन्यजन्तुहरु कुनैपनि प्रयोजनको लागि नेपाल अधिराज्य बाहिर निकासी गर्ने अनुमति दिइने छैन ।

ग. समितिको गठनः

१) वन्यजन्तुको पालन, प्रजनन र अनुसन्धान कार्यलाई बढी व्यवस्थित र प्रभावकारी तुल्याउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा देहाय वमोजिमको एक समिति गठनगरिएको छ ।

अ) उप-महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - संयोजक

आ) इकोलोजिष्ट, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - संयोजक

ई) व्यवस्थापन अधिकृत, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग - संयोजक

२) उक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकिएको छ

अ) स्वीकृति प्राप्त संघ, संस्था वा व्यक्तिलाई के कति संख्यामा बीउ प्राणी (Seed Animal) कहाँबाट उपलब्ध गराउने भन्ने कुराको निर्धारण गर्ने र यसरी उपलब्ध गराइएका बीउ प्राणी र सोबाट उत्पादित वन्यजन्तु, आखेटोपहार वा उत्पादन भएका वस्तुहरुको अद्यावधिक तथ्याङ्क, विवरण र अन्य आवश्यक सूचनाहरुको अभिलेख राख्ने ।

आ) नेपाल अधिराज्य बाहिरबाट बीउ प्राणीको रुपमा वन्यजन्तु आयात गर्ने स्वीकृतिको लागि विभाग समक्ष सिफारिस गर्ने ।

इ) वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान गर्ने स्वीकृति पाएको संघ, संस्था वा व्यक्तिले संचालन गरेका कार्यहरुको नियमित अनुगमन गर्ने ।

घ. निरीक्षण, अनुगमन र अन्य शर्तहरुः १) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वन्यजन्तुको पालन, प्रजनन तथा अनुसन्धान गर्न स्वीकृति पाएको संघ संस्था वा व्यक्तिले संचालन गरेका कार्यहरुको वार्षिक रुपमा अनुगमन गरी स्थिति प्रतिवेदन लिई राख्नेछ । अनुगमनका लागि विभागवाट खटी आएका कर्मचारीले सो कार्यहरुसँग सम्बन्धित सबै प्रकारका सूचना तथा तथ्याङ्क हेर्न वा जाँच गर्न मागेको

खण्डमा उक्त सूचना तथा तथ्याङ्क हेर्न वा जाँच गर्न दिनु सम्बन्धित संघ संस्थ वा व्यक्तिको कर्तव्य हुनेछ

२) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले वन्यजन्तुको पालन तथा प्रजनन गर्न इच्छुक संघ, संस्था वा व्यक्तिले सो प्रयोजनको लागि तयार गर्नुपर्ने न्यूनतम पूर्वाधार वा शर्तहरु निर्धारण गर्न सक्नेछ ।

३) वन्यजन्तुहरुको परस्थानीय संरक्षण (Ex-situ Conservation) गरी तिनीहरुलाई कृत्रिम बासस्थानमा प्रजनन (Captive Breeding) गराई पैदा भएका F1 Generation देखिका वन्यजन्तुहरु मात्रै वैज्ञानिक अध्ययन अनुसन्धानको लागि देश बाहिर लान अनुमति दिन सकिनेछ । यस्तो अनुमति संरक्षित वन्यजन्तुको हकमा वन तथा भू-संरक्षण मन्त्रालयले र अन्य वन्यजन्तुको हकमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले दिनेछ । यस्तो अनुमति दिंदा वन्यजन्तु पैठारी गर्ने मुलुकको अधिकार प्राप्त निकायद्वारा अन्तर्राष्ट्रिय कानून अनुरुप जारी गरिएको पैठारी इजाजत पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै मन्त्रालयले आवश्यक ठानेका शर्तहरु तोक्न सक्नेछ ।

४) प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीबाट अनुमति प्राप्त गरेको अवस्थामा बाहेक स्वीकृति प्राप्त गरी पालन तथा नेपाल अधिराज्य वाहिर निकासी गरिएको वन्यजन्तुको अनुवांशिक स्रोत तथा आनुवांशिक पदार्थको उपयोग गर्न पाइने छैन ।

५) बीउ प्राणीको रुपमा बाहेक अन्य मुलुकबाट व्यवसायिक प्रयोजनकोलाग कुनैपनि वन्यजन्तु नेपाल अधिराज्यभित्र पैठारी गर्न र नेपाल अधिराज्यको बाटो गरी तेश्रो मुलुकमा निकासी गर्न अनुमति दिइने छैन ।

६) Biomedical अनुसन्धानका लागि नेपालमा प्रजनन केन्द्र स्थापना गरिएका सन्दर्भमा अनुसन्धानको लागि नमूना परिक्षण गर्ने सुविधा नेपालमा उपलब्ध छैन भन्ने भएमा परिक्षणको लागि रगत, भुत्ला जस्ता पदार्थमात्र DNA analysis को लागि पूर्व स्वीकृति लिएरमात्र विदेश लान पाइनेछ ।

७) नेपाल पक्ष समेतको संलग्नतामा र नेपालमा पालन र प्रजनन् गराईएका वन्यजन्तुहरुको अनुसन्धान गर्दा निस्किएको परिणामहरुको हकाधिकार नेपाली पक्षमा समेत रहने गरी अनुसन्धान नतिजा प्रकाशित गर्नु पर्नेछ ।

अनुसूची - १ : व्यवसायिक पालनाका लागि स्वीकृति दिन सकिने वन्यजन्तु

१. संरक्षित वन्यजन्तु तर्फ : (क) घडियाल गोही (ख) कृष्णसार (ग) डाँफे (घ) मोनाल ङ) चिर

२. अन्य वन्यजन्तु तर्फ : (क) रतुवा मृग (ख) चित्तल (ग) जरायो (घ) बाँदर (रेसस मङ्गी) (ङ) लगुना (च) वनेल (छ) सर्प (ज) सबै किसिमका चरा

अनुसुची - २ : वन्यजन्तु पालन इजाजत वापत बुझाउनु पर्ने राजश्व दस्तुर

१. संरक्षित वन्यजन्तु तर्फ : (क) घडियाल गोह्री रु. ४०,०००।- (ख) कृष्णसार रु. २५,०००।- (ग) डाँफेरु. १०,०००।- (घ) मोनाल रु. ५,०००।- (ङ) चिर रु. ५,०००।-

२. अन्य वन्यजन्तु तर्फ : (क) रतुवा मृगरु. १५,०००।- (ख) चित्तल रु. १५,०००।- (ग) जरायो रु. २०,०००।- (घ) बाँदर (रेसस मङ्गी) रु. १५,०००।- (ङ) लगुनारु. १५,०००।- (च) बनेल रु. १०,०००।- (छ) सर्प रु. १०,०००।- (ज) सबै किसिमका चरा रु. ५,०००।-

अनुसूची-३ : बीउ प्राणी उपलब्ध गराए वापत लाग्ने दस्तुर

१. संरक्षित वन्यजन्तु तर्फ (प्रति) : (क) घडियाल गोही रु.४०,०००।- (ख) कृष्णसार रु. २५,०००।- (ग) डाँफे रु. ५,०००।- (घ) मोनाल रु. ५,०००।- (ङ) चिर रु. ५.०००।-

२. अन्य वन्यजन्तु तर्फ (प्रति) : (क) रतुवा मृग रु. १५,०००।- (ख) चित्तल रु. १५,०००।- (ग) जरायो रु. २०,०००।- (घ) बाँदर (रेसस मङ्गी) रु. २५,०००।- (घ) लगुना रु. १५,०००।- (च) बनेल रु. १०,०००।- (छ) सर्प रु. ५,०००।- (ज) सबै किसिमका चरा रु. ५,०००।-

❑

सिगांपुर जु – जनावरहरूको संसार

हरियाली रक्षक डेस्क

जनावरहरुलाई प्रकृतिक वासस्थान प्रदान गरेर सिगांपुर चिडियाखानाले विश्वभरीका पर्यटक, अनुसन्धानकर्तालाई लोभ्याउन सफल देखिएको छ । २४ हेक्टर क्षेत्रफलमा फैलीएको सिगांपुर चिडीयाखाना संसारमै रेनफरेष्ट जुको रुपमा प्रसिद्ध छ । ३१५ जातीका ३,००० जति जनवारहरु स्वतन्त्र रुपले आफ्नै प्रकृतिक वासस्थनमा रमाईरहेको देख्न सकिन्छ । समय तालीका अनुसार जनावरहरुलाई सेवा पुऱ्याउन जु किपरहरुले निभाएको दायित्व मात्र हैन चिडियाखानाका उच्च तहका कर्मचारीहरु र तल्लो तहका कर्मचारीहरुको सहकार्य लोभलाग्दो एवमं उदाहरणीय छ ।

विश्वभरिका पर्यटकको जमघट् स्थल रहेको चिडिया खानामा वृद्ध, अशक्त, वालवालीका त्यहाँ उपलब्ध प्रदूषण रहित् ट्राम, स्कुटर, भ्यान, वहिलचियर आदिको मद्धतले वा पैदलनै



सिंगापुर चिडियाखानाको लामनाके बाँदर (प्रोबोसिस मंकी)

जनवारहरुको अवलोकन् गरीरहेको दृश्य समेत मन मस्तिस्कबाट कहिल्यै मेट्न सकिदैन । विभिन्न भौगोलिक स्वरुप दिएर जनावरकै प्रकृतिक



सिंगापुर चिडियाखानाका जु किपर र प्रमुखबीचको सम्बन्ध

वासस्थन प्रदान गरी स्वतन्त्र रुपमा रमाइरहेका जनावरहरुलाई अवलोकन गर्न बालबालिका लिएर आएका अभिभावक, स्कुल विद्यार्थी लिएर आएका गुरुहरु तथा जनावरको विवरण उतारदै गरेका दृश्य समेतले बातावरण प्रति सचेत वर्गहरुको लोभलाग्दो उपस्थिती झल्कन्छ । चिडियाखाना भित्र एसियन हात्तीको प्रदर्शनी र कार्य, जनावर मैत्री प्रदर्शन एवं सि लायनको प्रदर्शनीमा भरी भराउ मानवको भिडले उतिकै आनन्द लिइरहेको हुन्छन् ।

ओराङओटन, चिम्प्याञ्जी, लामो नाके प्रेवोसीस, द्रुत गतिमा कुदने पटास, सिंह बाँदर, एवम इथियोपियाको बबुन आदि, बादर जातिको क्षेत्र झनै बिचित्र प्रकारको छ ।

चिडियाखाना क्षेत्रमा घुम्दै जाँदा कतै पहाडको खोच,कतै झरना, खोला, पोखरी वा कतै टापु त कतै सम्म परेका कृत्रिम क्षेत्रहरु साच्चै नै प्राकृतिक अवस्थाको झझल्को दिन्छन् जहाँ जनवारहरुले पूर्ण स्वतन्त्रता र अधिकार उपभोग गर्न पाएको महसुस् हुन्छ । “जनवारलाई



सिंगापुर चिडियाखानाको ओराङओठन

नजिस्काउनुस र खाना नदिनुस्" भन्ने नियमलाई पालाना गर्दै अवलोकनमा व्यस्त मानव सागरको भिडमा वास्तवीक पारिस्थितीक प्रणालीको अनुपम उदहरण देख्न सकिन्छ ।

सरिसृप वर्गका सर्प, गोही, कछुवा तथा पोखरीमा डुँगा खियाउदै अवलोकन गर्न छुटेका लजालु जनवार हरुलाई समेत पोखरीको वरीपरी डिलमा देख्न पाँइदाको रमाइलो झनै वेग्लै हुन्छ ।

संसारमै चराहरुको ठुलो संग्रह मानिएको जुरोगं–चरापार्कमा ३८० प्रकारको चराहरु उडदै, पौडदै, खेल्दै गरेको दृश्य एवं आफ्नै हातमा समेत राखेर अनुभव गर्न सकिने अनुभव झनै विर्सन नसकिने छ । चमेरा एवं नाङलो जस्तै उडेका "उड्ने स्कुरल" ले झनै प्रकृतिक सुन्दरता थपेको पाइन्छ ।

आठवटा भिन्दा भिन्दै भौगोलिक क्षेत्रको अनुभव गर्दै १,००० प्रकार भन्दा बढी रात्रीकालीन जनवारहरुलाई जुनेली रातको प्रकाशमा उनिहरुकै वासस्थानमा रमाइरहेको, चरिरहेको, खाना खाँदै गरेका लगाएत अन्य वानिवेहोरालाई आफ्नै हातले छुन सकिने दुरीमा पैदला वा ट्राम चढेर रात्री सफारीमा सिंह, बाघ, मृग, भालु, ओटर, पोखरीमा माछा झम्टदै गरेका फिसिङ क्याट्, ठुलठुला पानी भ्यागुता, खोच–खोचमा रहेका सर्प हेर्न पाउँदा जनवारहरुको वास्तवीक संसारमा डुबुल्की मार्ने मौका मिल्दछ ।

जनावरहरुका बारेमा लेखिएका होर्डीङ बोर्ड तथा ट्राम वा पैदल हिंडदै गरेकाहरुलाई जु कर्मचारीहरुले जनावरको वर्णन गर्दै अट्रेलीयाको कंगारु, इथोपियाको बाँदर, दक्षिण युरोपको गिनीपिग भन्दै गर्दा नेपाल सरकारबाट पहलै गर्न नसकिएको तितो अनुभव पनि छँदैथियो ।

रात्री कालीन सफारी संगै कुनै अन्कन्टार जंगलको माझ्मा बनाइएको झैं आभाष् मिल्ने एम्पीथिएटरको जंगली जनावरको प्रर्दशनी झन् रोचक् बन्यो । ओटर, अजीङ्गर, ब्वासो, हाइना, राकुन, भालुविरालो जस्ता जनावरको जुनेली



सिंगापुर चिडियाखानाका बाघ

प्रकाशमा मैत्रीपुर्ण प्रर्दशनी हेर्न पाँउदा रमाउने सायदको नहोला ? ३ भिन्दा भिन्दै न्याउरी मुसाले फरक–फरक फोहर तिनवटा भन्दा भिन्दै टोकरीमा फालेको दृश्यले चकमन्न रातको समयमा दर्शकको तालीले गुन्जयमान् हुँदाको क्षण विर्सनै नसकिने रहयो । रातीको १० बजेतिर एम्पीथिएटरबाट निस्कंदा विश्वभरीका पर्यटकको घुँईचो बनेको उलुकोर्टको क्षेत्रमा आदीवासी जातीले मुख्बाट आगो निकाल्दै गरेको प्रर्दशनी, ठाउँ–ठाउँमा कृतिम भूतझै देखिने आकृतिसँग आँट गरी–गरी तस्वीर लिनेहरु पनि कम रोचक थिएन । ❑

वातावरण संरक्षण हाम्रो कर्तव्य

आकृति श्रेष्ठ
कक्षा - १०
नागार्जुन ठूलागाउँ उ.मा.वि., जितपुरफेदी

मेरो सानो गाउँ
प्रकृतिक सुन्दरताले भरिएको ठाउँ
त्यहिँ सुन्दर ठाउँलाई बनाउन थाल्यो
फोहोर राख्ने ठाउँ ।

फुल झै फुलिएको यो सानो डाडाँगाउँ
यसको तल्लो गाउँमा राखियो फोहोर फाल्ने ठाउँ
यहि फोहोरको कारणले गर्दा
ओइलन थाल्यो यो सानो गाउँ ।

यही गाउँलाई भन्न थाल्यो नगरपालिका
वास्तवमा भन्नु पर्दा नगरपालिका हो कि नरकपालिका
अहिलेसम्म विकासमा आउन सकेको छैन यो
नगरपालिका, नाममात्र राख्यो कि खैँ झुट्टो नगरपालिका।

वनजंगल छन यहाँ तर मानिसको बसोबास भयो ।
स्वच्छ वातावरण त छन यहाँ तर दुर्गन्धले भरियो
थरीथरीका चराचुरुङ्गी त छन यहाँ तर मानिसको आहारा भयो
मानिसको लागि प्रकृतिले वरदान त दिइएको छन
यहाँ तर मानिसको लागि नै अयोग्य भयो ।

वन त छन यहाँ तर उजाड पारिसक्यो
सुन्दर गाउँ त छन यहाँ तर फोहोरले भरिसक्यो
सहर त छन यहाँ तर दुर्गन्धले भरिसक्यो
मानिसहरु त छन यहाँ तर खै बुद्धी भने कहाँ गयो ।

सुन्दर बनाऔ नेपाललाई
सुन्दर बन्छ भविष्य

सगरमाथा

उजिता अधिकारी
कक्षा -१०
नर्थ भ्याली सेकेन्डरी स्कुल, धर्मस्थली

हिमाल एक फेर, पुग्न पाए हुन्थ्यो
हिमाल मलाई, लिन आए हुन्थ्यो ।

डाक्टर र शिक्षकको छैन मलाई भेउ
लौन भगवान एकफेर, हिमालमा पुराइदेऊ ।

सगरमाथा पर्खी बस, एकदिन आउँछु चढ्न
त्यसैको लागि मिहिनेतले, लागेको छु पढ्न ।

पासाङल्हामु दिदीजस्तै, चढ्छु एकदिन
सगरमाथा शिरमा गाड्छु, झण्डा एकदिन ।

वन, वन्यजन्तु संरक्षणबारे तपाईंका अनुभव, लेख, रचना भएमा वा यसबारे कुनै भ्रष्टाचारको जालोबाट पिरोलिनु भएको छ भने तपाईंका ति गुम्सिएका भावना हामीलाई पठाउनुहोस् र संरक्षण कार्यमा सहयोग गर्नुहोस् ।

हरियाली रक्षक
एवम्
मानव अधिकार तथा शरणार्थी हित केन्द्र, नेपाल

Deforestation in Nepal



Kamana Kunwar
Class: 8
Angels Heart H.S. School, Manamainju

It is said that to preserve forests is to preserve ourselves. Unfortunately, our forest is being rapidly destroyed. The main causes of it are various activities of human beings. We destroy the forest for multiple purposes in many ways.

Forests destruction causes many natural disasters such as flood, drought, landslides, soil erosion, pollution, green house effect, ozone layer depletion and desertification. The natural disasters are extremely destructive for all the creatures including human beings. If the forest is destroyed, we cannot get firewood, timber, grass, and herbs from the jungle. Wild animals cannot survive if the jungle, their habitat, is destroyed; they automatically disappear. The whole nature is badly affected by the destruction of the forest.

The jungle can be preserved through the apt implementation of the measures required. Firstly, we have to educate the people and teach them the significance and necessity of the forest. By means of afforest ration and reforestation, we can preserve the jungle. The people who clear the jungle for agriculture and settlement should be discouraged to go to the jungle to cultivate. Selling of firewood, timber and rare plants should be prohibited by law. In order to preserve the forest, huge increase in population growth has to be controlled and unemployed people should be provided with suitable jobs.

Forests destruction is to be controlled at any cost. Prevention is better than cure. Everyone is to be responsible to preserve the jungle. We must realize that preservation of the forest is our own preservation because deforestation spreads massive black cloud over our lives.

❑

वनजंगल र वन्यजन्तु



कोपिला ढुगांना, कक्षा- १०
श्री पृथ्वीनारायण उ.मा.वि. तारकेश्वर न.पा.

सुस्तसुस्त पवनसँगै सुसाइरहेका धुपी र सल्लाहरु
मृगाशावकहरुले लुकामारी खेलेको पहाडका छातीहरु
संयोग र वियोगका भाकाहरु कहीरहेछन् ती न्याउलीहरु
सिंह गर्जिरहेछ गैडाँ दौडिरहेछ कति माया प्रितिहरु
जुम्सो बनिरहेको छन् तिनै लाटोकोसेराहरु
सङ्घर्ष गरिरहेका छन् तिनै गिद्धहरु

काँडेभ्याकुरहरु पनि टोलाइरहेकाछन् एकांकीपनले
सुकेनासले छुदैन यो जंगललाई आमाको मायाले
मृतसन्जीवनी भेटिने यो वनमा जाहि र जुही स्वादन गरिरहेछन्
ती दुर्लभ वन्यजन्तु पनि संरक्षरणको पर्खाइमा बसिरहेछन्
सदुपयोग गर्न सकेका छैनौं यो प्रकृतिको अथाह सम्पतिलाई
माया र प्रेम गर्न सकेका छैनौं ति दुर्लभ वन्यजन्तुहरुलाई

चिराइतो र जटामसीहरुमा तस्करीको आखाँ पर्दैछ
पाटे बाघ र गैडाँप्रतिपनि लोभको भाव किन जाग्दैछ ?
वनजंगलले नै मन्त्रमुग्ध पारिरहेछन ति आगन्तुकहरुलाई
वनजंगलले हामीलाई बचाउँछ हामीले बचाउनुपर्छ
वन्यजन्तुहरुलाई ।

❑

पुरस्कार/PRIZES

यस पत्रिकामा लेख, रचना, चित्र, फोटो, छनौट भई प्रकाशित भएमा आकर्षक पुरस्कार प्रदान गरिनेछ ।

हरियाली रक्षक
परिवार

सगरमाथाको शिखर रहेको

सोलुखुम्बु जिल्लाको जैविक विविधता

अशोक राई, कक्षा १२,
समिक्षा बस्नेत, कक्षा ९
श्री सिंहकाली उ.मा.वि. तिङला, सोलुखुम्बु

सोलुखुम्बु जिल्लाको कुल भु-भाग मध्ये ३१ प्रतिशत अर्थात १,०५,३३० हेक्टर वन क्षेत्र रहेको छ । जिल्लाको वन जंगल उँचाई र मोहडा अनुसार फरक भएको पाइनछ । गोब्रेसल्ला, लालीगुराँस, उतिस आदि यस क्षेत्रको प्रमुख रुख प्रजातिहरु हुन । केही वर्ष पहिला जनघनत्व तुलनात्मक रुपले बढी भएका दक्षिण भेगको वनमा बढी चाप परि वनको अवस्था बिग्रदै गएको भए पनि हाल आएर सामुदायिक वन व्यवस्थापन प्रतिको चाहना र समुहगत सतेतनाका कारण वनको हैसियतमा क्रमशः सुधार हुँदै आएको छ । जिल्लाको उत्तरी भेगमा बसोबास भन्दा टाढा रहेको उच्च क्षेत्रका वन जंगलहरु राम्रो अवस्थामा भएपनि नाम्चे खुम्जुङ जस्ता पर्यटकीय क्षेत्रमा दाउरा काठको आपुर्ती त्यहीं आसपासका वन क्षेत्रबाट हुने गरेको हुँदा त्यहाँको वनमा बढी चाप पर्न गई वनको हैसियत केही खस्केको अवस्थामा भएपनि सगरमाथा राष्ट्रिय निकुञ्जको सक्रियताका कारण सुधार हुँदै गएको छ । साथै त्यो पर्यटकीय वस्तीहरुमा दोलखा जिल्ला, सोलुखुम्बुको सदरमुकाम र यसको आसपासको क्षेत्रबाट काठहरु हवाई साधनद्धारा आपुर्ति हुन थालेको हुनाले ती क्षेत्रका वनमा कम चाप पर्न गई वन जंगलको अवस्थामा क्रमै संग सुधार हुँदै गएको छ भन्ने सदरमुकाममा सल्लेरीको आसपासको क्षेत्रबाट काठ कटानी हुन थालेको हुँदा यहाँको निजी नम्बरी आवादी वन क्षेत्रमा चाप बढन थालको छ ।

१) वनको किसिम

६०० मि.मा रहेको नेचा गा.वि.स. देखि ८,८४८ मी. अग्लो सगरमाथाको शिखर विचको उचाइमा भएको ठुलो अन्तरको कारण वनको किसिममा पनि भिन्नता पाइन्छ । यस जिल्लामा गोब्रे सल्ला, ठिगुरे सल्ला, लौठ सल्ला, खोटे सल्ला, अमेरिकन सल्ला, धुपी सल्लाहरु पाईन्छ । जिल्लाको मुख्य वनको प्रकारलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

क) Sub-Tropical Deciduous Leaved Hardwood Forest -यस प्रकारको वन जिल्लाको दक्षिणी भेगमा नदीको छेउछाउमा १००० मी. भन्दा कम उचाईको भू-भागमा पाइन्छ । यस किसिमको वनमा साल, हर्रो, बर्रो, बोटधंगेरो, आदी पाइन्छ । यस प्रकारको वन क्षेत्रले ३,५३५.२ हेक्टर ओगटेको छ । जिल्लाको पञ्चन, नेचावतासे र नेचावेतधारी गाविसहरुमा केही मात्रमा सालको वन रहेको छ ।

ख) Lower Temperate Mixed Deciduous & Coniferous Hardwood Forest-यस किसिमको वन १००० मी. देखि २००० मी. उचाइको भू-भागमा पाइन्छ । लालीगुराँस, खोटे सल्ला र

केहीं कही खोटे सल्ला मिश्रित वन पाइन्छ । यस क्षेत्रमा चिलाउने, कटुस, मौवाको जंगल पनि पाइन्छ । यो वन क्षेत्रले २४,७४८.४ हेक्टर क्षेत्रफल ओगटेको छ । जिल्लाको पञ्चन गाविसको वन क्षेत्रहरुमा खोटे सल्लाको वन, मुक्ली गाविसमा चिलाउने कटुसको वन क्षेत्र पाईन्छ ।

ग) Upper temperate Mixed Deciduous & Coniferous Hardwood Forest-यस किसिमको वन २००० मी. देखि ३००० मी. सम्मको उचाइमा ३६,८७३.४ हेक्टर क्षेत्रमा फैलिएको छ । यस किसिमको वनमा लालीगुराँस, वाँझ, फलाँट, उतिस, गोब्रे सल्ला आदि प्रजातिका रुख बिरुवाहरु मुख्य रुपले पाईन्छ । नेले गाविस, सल्लेरी गाविसको उच्च स्थानहरुमा लाली गुँरासको वन रहेको छ । खोल्साखोल्सी, चिस्यान भएको ठाँउ, पहिरो गएको नयाँ माटो भएको स्थानमा उतिसको वन भेट्न सकिन्छ ।

घ) High Altitude Coniferous Forest-यस्तो वन २५०० मी. देखि ३५०० मी. सम्मको उचाइमा पाइन्छ । यस्तो वनमा मुख्यतया गोब्रेसल्ला, ठिगुरे सल्ला, लौठ सल्ला र खर्सु पाइन्छ । यो वनले २०३२४ हेक्टर क्षेत्रफल ओगटेको छ । भकाञ्जे गाविस, जुविङ गाविसको वन क्षेत्रहरुमा लौठसल्ला प्रशस्त पाइनछ ।

ङ) Shrub-यस प्रकारको वन ३५०० मी. भन्दा माथिको क्षेत्रमा पाइन्छ र मुख्यतया झाडीले ढाकिएको हुन्छ । कहीं कहीं Hardwood को पुनरुत्पादन भएको पाइन्छ । यस्तो किसिमको वन १९.८४ हेक्टरमा फैलिएको छ ।

२) वन क्षेत्रको व्यवस्थापकीय वर्गीकरण

जिल्लाको उत्तरी क्षेत्रहरुमा राष्ट्रिय निकुन्ज र मध्यवर्ती क्षेत्रको व्यवस्थापन छ भने दक्षिणी क्षेत्रहरुमा सामुदायिक वन, गाउँ वस्तीको वरपर निजि वनहरु र अन्य स्थानमा सरकारद्धारा व्यवस्थापन गरिएको राष्ट्रिय वन क्षेत्र रहेको छ ।

३) जडीबुटी र गैह काष्ठ वन पैदावरहरुः

जिल्लामा चिराईतो, मजिठो, विषजरा, विषमा, यार्सागुम्बा, जटामसी, सुगन्धवाला, शिलाजित, सुगन्धकोकिला, भ्याउ, पाँचऔले, कुट्की, ओखर, इन्द्रायणी वियाँ, भोजपत्र, धुपी, लौठ सल्ला लगायतका ८० भन्दा वढि वहुमूल्य जडिबुटी तथा गैह्र काष्ठ वन पैदावरहरु पाइएको अभिलेख रहेता पनि जिल्लाको सम्पूर्ण क्षेत्रमा रहेको जडीवुटी र गैह्र काष्ठ वन पैदावरहरु वृहत श्रोत सर्वेक्षण हुन सकेको छैन ।

४) वन्यजन्तुहरु

सोलुखुम्बु जिल्लाको उत्तरी भेगमा कस्तुरी मृग, हाब्रे, हिउँ चितुवा, नाउर, झारल, घोरल आदि पाईन्छ भने दक्षिणी भेगमा चितुवा, रतुवा मृग, स्याल, बाँदर, भालु, सालक दुम्सी, खरायो, लोखर्के, निगाले वाघ आदि प्रमुख रुपमा पाईन्छन् । यस्तै चराहरुमा डाँफे, मुनाल, तित्रा, कालिज, ढुकुर, जुरेली, गौथली, भंगेरो, कोइली, काग, सारौ आदि पाईन्छ । जिल्लाको माथिल्लो क्षेत्रमा रहेको राष्ट्रिय निकुञ्ज र मध्यवर्ति क्षेत्रको प्रभाव र तल्लो क्षेत्रमा सामुदायिक वन उपभोक्ता समुहको गठन र

सामुदायिक वन हस्तान्तरणको बढ्दो लहरसँगै यस क्षेत्रमा पाईने विभिन्न वन्यजन्तुको संख्यामा वृद्धि भैरहेको पाईएको छ ।

५) सिमसार क्षेत्रहरु र जैविक विविधताका केन्द्र स्थलहरु

यस जिल्लाको उत्तरी क्षेत्रमा सगरमाथा राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र रहेको छ । यो क्षेत्र जैविक विविधताको हिसावमा धेरै महत्वपूर्ण मानिन्छ । यस जिल्लामा पर्ने रात्नाडे क्षेत्र र घुम्नेपानी क्षेत्र लालीगुराँसको लागि प्रसिद्ध छ । विश्व रामसार सुचिमा सुचिकृत गोक्यो ताल यसै जिल्लाको खुम्जुङ गाविसमा अवस्थित छ । त्यसैगरी यस जिल्लाका महत्वपूर्ण सिमसारहरुमा गोक्यो ताल, दुधकुण्ड, जालिम पोखरी, पाँचपोखरी र साल्पा पोखरी आदि पर्दछन् । यी ताल तथा नदि नालाहरु जलचरवनस्पती तथा वन्यजन्तुका प्रमुख प्राकृतिक वासस्थानहरु हुन् ।

२०७२/७३ को वन तथा वन्य जन्तु सम्बन्धी मुद्दहरुका विवरण

क.स.	मुद्दाको किसिम	फछर्यौटको अवस्था	कैफियत
१	वन्यजन्तु	फछर्यौट भएको	भालु मारी त्यसको आखेटोपार राखेको
२	वन पैदावर	फछर्यौट भएको	अबैध सतुवा ओसारपसार
३	वन पैदावर	मुद्दा दायर	राष्ट्रिय वनमा अबैध रुख कटान तथा विकिबितराण
४	वन पैदावर	मुद्दा दायर	निजी आवादीमा रुख कटान गरी अबैध विकिवितरण

२०७२/७३ घाइते वन्यजन्तुको उद्दार तथा मृत वन्य जन्तु व्यवस्थापन

क.स.	वन्य जन्तु	ठेगाना	कैफियत
१	मृग	देउसा	मृत्यु पश्चात व्यवस्थापन
२	फ्याउरो	गार्मा	मृत्यु पश्चात व्यवस्थापन
३	मृग	गार्मा	घाइतेलाई उपचार
४	घोरल	सल्यान	घरमा पालेको घोरललाई उद्दार गरी जंगलमा छाडिएको

त्यसैगरी २०७२/७३ मा जि.व.का.बाट पशुधन क्षति-१ र मानवीय क्षति-१ गरी जम्मा २ संख्यामा राहतको लागि सिफारिस गरिएको छ । यसप्रकार यो क्षेत्र पनि बन्यजन्तु अपराध एवम् मानव वन्यजन्तु द्वन्द्वबाट मुक्त हुन सकेको छैन । स्रोतः जिल्ला वन कार्यालय, सोलुखुम्बुको लेख रचना ❑

"Earth provides enough to satisfy every man's need, but not every man's greed."

- Mahatma Gandhi

"I feel like I'm nothing without wildlife."

- Bindi Irwin

"A people's relationship is their heritage is the same as the relationship of a child to its mother."

- John Henrik Clarke

विश्वको सर्वोच्च स्थानमा साना हरियाली रक्षकहरु

Little Green Guards in the Highest Peak of the world

वन, वन्य जन्तु संरक्षणको लागि साना साना विद्यार्थीहरुले पनि योगदान पुऱ्याउन सक्छन् भन्ने सन्देश बोक्दै Little Green Guards नेपालका लागि विश्वकै स्वोच्च शिखर सगरमाथा रहेको सोलुखुम्बु जिल्ला स्थित श्री सिंहकाली उ.मा.वि. तिङलाका विद्यार्थी एव शिक्षकहरुले उत्सुक्ता देखाउनु भएको छ । यसै सन्दर्भमा विद्यार्थीहरुले वन, वन्यजन्तु, वातावरण संरक्षणका लागि विद्यालयमा Green Guard भित्ते पत्रिका पनि सुरुवात गरेका छन् । भविष्यमा संरक्षणका लागि विभिन्न कार्यक्रम संञ्चालन गर्ने कुरा विद्यालयका हरियाली रक्षक संयोजक पर्शुराम त्रिताले प्रतिबद्धता जाहेर गर्नु भएको छ ।



श्री सिंहकाली उ.मा.वि. स्कुल



हरियाली रक्षक भित्ते पत्रिका

❑

वन, वन्यजन्तु तथा वातावरण संरक्षणका लागि
हरियाली रक्षकका पाईलाहरु सधैं अगाडि बढिरहुन भन्दै
बडा दशैं, शुभ दिपावली एवम् छठपर्व २०७३ को
शुभकामना व्यक्त गर्दछौं ।

भल बहादुर वि.क.
तेले, तिङ्ला र नेचामा
यहाँ भाँडाकुडा तथा किराना सामाग्री
थोक तथा खुद्रा मूल्यमा पाईन्छ ।

ओमकुमार मगर, तिङला
यहाँ खान बस्न तथा
कटारी-काठमाडौं जान बस तथा
जिपको टिकट पाइन्छ ।

तिङला डिजिटल सेन्टर
प्रो - टोइबहादुर कटुवाल
यहाँ ३० मिनेटमा फोटो तयार गरिन्छ ।

भू.पू. सैनिक होटल एण्ड लज
प्रो - बुद्धि बहादुर खड्का तिङला, रमिते
यहाँ खान बस्न तथा कटारी-काठमाडौं जान जिपको टिकट पाइन्छ ।

जान्छु म ता है नेपाल-वन — मानव-शिशुको प्राकृति-धन
अझ छ उहाँ त्यो निर्मल पन — अर्थ अलौकिक वन-जीवन

-महाकवि लक्ष्मी प्रसाद देवकोटा

GREEN GUARD ACTIVITIES



Awareness Class at Nagarjun T.H.S. School, Jitpurphedi



Students reading Green Guard at Aagaman S. School, Balaju



Awareness Class at Nagarjun S. School, Goldhunga



Teacher briefing about Green Guard at Halchowk S. School, Halchowk



Awareness Class at Halchowk S. School, Halchowk



Students reading Green Guard at School



Green Guard reporter Biraj Pun at Angels' Heart H.S. School, Manamaiju



Students receiving complimentary Green Guard Magazine





Manish Nagarkoti
Shree Sita Bal Bikas Basic School, Halchowk



Sujan Tamang, Class-8
Shree Sita Bal Bikas Basic School, Halchowk



Pemba Gelu Shepa, Class-8
Shree Sita Bal Bikas Basic School, Halchowk



Pemba Galu Shepa, Class-8
Shree Sita Bal Bikas Basic School, Halchowk



Nikesh Adhikari, Class-8
Prithvi Narayan H.S. School, Tarkeshwor



Sangam Chaudari, Class-5
Shree Sita Bal Bikas Basic School, Halchowk